# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शनिश्चरे, झापा, कोशी प्रदेश

**अतिक्रमित सरकारी जग्गा खाली गर्ने बारेको अत्यन्त जरुरी सूचना**

(मिति २०८३/०१/२४)

नेपाल सरकारबाट स्वीकृत शासकीय सुधार सम्बन्धि १०० कार्यसूचीको बुँदा नं ९२ मा " सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने । नयाँ अतिक्रमण कडाइका साथ रोक लगाउने र अवैध कब्जा हटाउने विशेष अभियान सञ्चालन गर्ने " उल्लेख भएको अवगतै छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहले सार्वजनिक ऐलानी र पर्ती जग्गा सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाका लागि आवश्यक व्यवस्था गर्नुपर्ने दायित्व तोकेको छ । यसै सम्बन्धमा यस अर्जुनधारा नगरपालिकाका नाममा दर्ता कायम भएका सरकारी जग्गाहरु अन्तर्गत अर्जुनधारा नगरपालिका वडा नं ८ स्थित हाल शनिश्चरे बजारमा सब्जी बजार लाग्दै आएको क्षेत्रमा यस कार्यालयसँग कुनै अनुमति नलिई अव्यवस्थित ढंगबाट सब्जी बजार सञ्चालन हुँदै आएको , अर्जुनधारा नगरपालिका वडा नं ३ खुदुनाबारी बजार पशुहाट लाग्दै आएको जग्गामा अनाधिकृत संरचना हरु बनेको तथा वडा नं ७ गोसखान क्षेत्रको सरकारी जग्गामा समेत अनाधिकृत संरचनाहरु बनेको पाइन्छ । यस सम्वन्धमा यस अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८३/०१/१७ बैठकबाट अतिक्रमित सरकारी जग्गा खाली गर्ने सम्बन्धमा भएको निर्णय बमोजिम अर्जुनधारा नगरपालिका वडा नं ३ स्थित खुदुनाबारी पशुहाट क्षेत्रको सरकारी जग्गा, वडा नं ७ को गोसखान क्षेत्रको सरकारी जग्गा तथा वडा नं ८ को हालको सब्जी बजार क्षेत्रको सरकारी जग्गामा बनेका अनाधिकृत संरचनाहरु १५ दिन भित्र हटाई उक्त सरकारी जग्गा खाली गरिदिनुहुन अनुरोध छ । तोकिएको अवधि भित्र उक्त सरकारी जग्गाहरु सम्बन्धित व्यक्तिबाट खाली नगरेमा प्रचलित कानून बमोजिम आवश्यक कारबाही हुनेछ ।

पुनश्चः हाल शनिश्चरे बजारको खुला क्षेत्रमा सागसब्जी व्यवसाय गरिरहेका इच्छुक व्यवसायीहरुका लागि यस नगरपालिकाबाट निर्मित नयाँ कृषि बजारमा सुपथ भाडादरमा सटर उपलब्ध गराइने व्यहोरा समेत जानकारी गराइन्छ ।

..............................

(अनोज कुमार घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner